# विपद् जोखिम न्यूनीकरण मुलप्रवाहीकरण मार्गदर्शन, २०७७

**भीमेश्वर नगरपालिका, दोलखा**

**..... औं नगरकार्यपालिका बैठकद्वारा स्वीकृत (२०७७ .... महिना .... गते)**

**प्रस्तावनाः**

विपद् जोखिम न्यूनीकरण विकासको अन्तरसम्बन्धित (सबै विषयक्षेत्रसँग जोडिएर आउने) सवाल भएकोले संगठनात्मक संरचना तथा नीतिलाई सुदृढिकरण गर्दै विपद् जोखिमको दृष्टिले उच्च जोखिममा रहेको समुदायको विपद् जोखिम सम्बन्धी बुझाई अभिवृद्धि गर्न, विपद् व्यवस्थापन प्रणालीलाई सुदृढ गर्न, उपयुक्त सूचना प्रणालीको विकास र प्रयोग गर्दै समुदायमा आधारित विपद् जोखिम व्यवस्थापनका कृयाकलापहरु सञ्चालन गर्न, विपद् जोखिम न्यूनीकरणलाई संस्थागत गर्दै समुदायलाई सुरक्षित बनाउन नगरपालिकाको क्षेत्रगत तथा विकास योजनामा विपद् व्यवस्थापनका विषयलाई मुलप्रवाहीकरण गर्न वाञ्छनीय भएकोले,

भीमेश्वर नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७ को दफा २७ ले दिएको अधिकार प्रयोग गर्दै नगरकार्यपालिकाको मिति .... को निर्णय बमोजिम यो मार्गदर्शन जारी गरिएको छ ।

**लक्ष्यः**

नगरको विकास निर्माणको क्रममा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी विकास निर्माणका क्रियाकलापलाई सन्तुलित रुपमा सञ्चालन गरी विपद्बाट हुने जनधनको क्षति, स्वास्थ्य तथा जीविकोपार्जनका स्रोत साधनका साथै व्यक्ति, समुदाय र नगरपालिकाको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार र साँस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा त्यसबाट हुनसक्ने क्षतिलाई उल्लेख्य रुपमा कमी गरी समुदायको उत्थानशीलता वृद्धि गर्नु यस मार्गदर्शनको लक्ष्य रहेको छ ।

**उद्धेश्यः**

***विकासले संकटासन्नतालाई बढाउँछ, प्रकोपले विकासमा ठूलो धक्का पुग्न सक्छ, विकासले संकटासन्नतालाई कम गराउँछ, विपद्ले विकासका सम्भावनाहरु श्रृजना गर्छ*** उपरोक्त चार कुराहरुलाई मध्येनजर गर्दै क्षेत्रगत तथा विकास योजनामा विपद् जोखिम न्यूनीकरणलाई मुलप्रवाहीकरण गर्दै नगरलाई सुरक्षित बनाउने यस मार्गदर्शनको मुख्य उद्धेश्य रहेको छ । मार्गदर्शनले यसका अतिरिक्त देहायका उद्देश्यहरु राखेको छः

१) विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यलाई विकास योजनासँग एकीकरण तथा मूलप्रवाहीकरण गर्दै कार्यान्वयन प्रक्रियालाई व्यवस्थित गर्ने ।

२) विकास निर्माणका काम गर्दा विपद् जोखिम न्यूनीकरणको योजना तर्जुमा र कार्यान्वयन गरी सम्भावित जोखिम र क्षति तथा विपद् पछिको पुनर्निर्माणको लागत कम गराउने ।

३) सबै विषयगत क्षेत्रको आयोजना तर्जुमा प्रक्रियामा विकास बजेटको कम्तिमा पाँच प्रतिशत बार्षिक बजेट विपद् जोखिम न्यूनीकरणका लागि छुट्याई कार्यान्वयन गर्नका लागि मार्गदर्शन प्रदान गर्ने ।

४) विषयगत शाखा तथा समिति बीचको समन्वय र सहकार्यमा विपद् जोखिम न्यूनीकरणका काममा एकरुपता ल्याई दिगो विकास लक्ष्यहरु हासिल गर्न प्रत्येक्ष सहयोग पुऱ्याउने ।

**मार्गदर्शनहरुः**

विपद् जोखिम न्यूनीकरणलाई क्षेत्रगत तथा विकास योजनामा मुलप्रवाहीकरण गर्न निम्न विकासका विषयगत क्षेत्रमा निम्न वमोजिमका मार्गदर्शन रहनेछन्ः

**क) पूर्वाधार विकास क्षेत्रः**

## १) भौतिक पूर्वाधार

संवेदनशील सार्वजनिक सुविधा तथा भौतिक संरचनाहरुको सुदृढिकरण तथा संरक्षण गर्ने । अस्पताल लगायतका स्वास्थ्य सेवा प्रदायक निकाय, खानेपानी तथा जलविद्युत आयोजना, विद्यालय भवन, सञ्चार तथा यातायात सञ्जालहरु, विपद् पूर्वसूचना प्रणाली तथा आपतकालिन कार्यसञ्चालन केन्द्र, धार्मिक साँस्कृतिक हिसाबले महत्वका जमिन तथा संरचनालाई लागत अनुमान तयार गर्दादेखि नैं प्रवलिकरण तथा पुनर्निर्माण गरेर विपद् उत्थानशील बनाउने । यस अन्तर्गत निम्न कार्यहरु गरिनेछन्:

१) विकास निर्माणका ठूला परियोजनाहरु तर्जुमा गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन गरी आयोजना डिजाइन, निर्माण र व्यवस्थापन गर्दा जोखिम न्यूनीकरण गर्ने ।

२) नेपाल सरकारले लागु गरेको भवन निर्माण संहिता कार्यान्वयनलाई थप प्रभावकारी बनाउन कार्यविधि निर्माण गरी लागु गर्ने ।

३) भीमेश्वर नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण भौतिक संरचनाको दिगोपनाका लागि मर्मत सम्भार सम्बन्धी कानून यथासिघ्र तयार गरी लागू गर्ने ।

४) विपद् संवेदनशीलताको अवधारणा अनुरुप सार्वजनिक भौतिक संरचनाहरु (सरकारी कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था, सामुदायिक भवन, आश्रयस्थल आदि) लाई जेष्ठ नागरिकमैत्री, लैंङ्गिकमैत्री, अपाङ्गतामैत्री एवं बालमैत्री बनाउँदै लैजाने ।

५) विकासका भौतिक पूर्वाधारहरुको डिजाईन तथा निर्माणका क्रममा जोखिम सुरक्षित पूर्वाधार नीति अवलम्बन गर्ने । जलवायु परिवर्तन अनुकूलित पूर्वाधार निर्माणलाई प्रोत्साहित गर्ने ।

६) सडक, पुल लगायतका संरचना निर्माणका क्रममा ती संरचनालाई सुरक्षित राख्न र दिगो बनाउन आवश्यकता अनुसार वायो इन्जिनियरिङ कार्यलाई डिजाइन स्टिमेटमा समावेश गर्ने ।

७) सडक निर्माणको क्रममा नाला निर्माण तथा व्यवस्थापन र पानीको उचित निकासलाई प्राथमिकतामा राख्ने । पानीको प्राकृतिक वहाबलाई खलबलिन नदिने ।

८) सडकका सम्भावित दुर्घटना हुने स्थलहरुमा सुरक्षाका सम्भावित उपायहरु (सुरक्षा बार, स्टिल रेलिङ, पारदर्शी सडक मार्किङ, संकेतहरु आदि) अवलम्बन गर्दै लगिने ।

९) सडक र सडक सुरक्षा सम्बन्धी मापदण्ड निर्माण गरी लागू गर्ने ।

१०) नगरपालिका स्तरीय यातायात गुरुयोजना निर्माण गरी लागू गर्ने ।

## २) शहरी विकास

शहरी योजना तर्जूमा गर्दा प्रकोप जोखिम नक्साङ्कन गर्नुका साथै बहुप्रकोपीय जोखिममा रहेका बस्तीहरुको व्यवस्थापन गर्ने । यस अन्तर्गत निम्न कार्यहरु गरिनेछन्:

१) राष्ट्रिय भू-उपयोग नीति अनुरुप स्थानीय तहमा बहु-प्रकोपीय जोखिम लेखाजोखाको आधारमा जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा गरी व्यवस्थित एवं सुरक्षित बस्ती विकास गर्ने गराउने । साथै असुरक्षित बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने/गराउने ।

२) नगरभित्र जोखिमयुक्त स्थानको पहिचान गरी सो स्थानमा बसोबास नगर्न जनचेतना अभिवृद्धि गर्दै जोखिमयुक्त क्षेत्रमा घर निर्माणका लागि अनुमति नदिइने ।

३) शहरी विकास मापदण्डमा विपद्लाई समेटी अद्याबधिक गरी लागू गर्ने ।

४) शहरी क्षेत्रमा भएका सडकहरुको मापदण्ड अनुसार स्तरोन्नती गर्न उपभोक्ताको लागत सहभागितालाई प्रोत्साहन गर्ने ।

५) जीर्ण अवस्थामा रहेका विद्युत पोल हटाइनुका साथै जमिन मुनीबाट विद्युत बिस्तार तथा वितरण प्रक्रियालाई अगाडी बढाउन सरोकारावाला निकायसँग समन्वय गर्ने ।

६) बजार क्षेत्रमा हुने अव्यवस्थित तारहरुलाई व्यवस्थित गर्न सरोकारवालासँग समन्वय गर्ने । (टेलिफोन, इन्टरनेट आदि)

७) समग्र विकास प्रक्रियालाई बहुप्रकोप जोखिम संवेदनशीलताका आधारमा सम्भाव्य जोखिमको न्यूनीकरण हुने गरी कार्यान्वयन तथा व्यवस्थापन गर्ने ।

८) बजार क्षेत्रको (सवारी साधनको पार्किङ, फुटपाथ, पसलबाहिर राखिएका सामग्री, हाटबजार, होर्डिङबोर्ड, सूचना पाटी लगायत) उचित व्यवस्थापन गर्ने ।

९) विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना, सरकारी तथा सार्वजनिक भवनहरू, ऐतिहासिक सम्पदा र सांस्कृतिक धरोहरहरू, जलविद्युत गृह, विद्युतीय सवस्टेशन आदिको जोखिमयुक्त संरचनाहरुको प्रबलीकरण गर्ने, गर्न लगाउने ।

१०) व्यबसायसँग सम्बन्धित जोखिम सुरक्षा सम्बन्धी मापदण्ड निर्माण गरी लागु गर्ने । सोही मापदण्डका आधारमा होटल तथा व्यवसाय दर्ता तथा सञ्चालन अनुमति दिने ।

### ३) निजी आवास

नगरबासीको निजी आवास निर्माणका लागि नक्सा पासको प्रक्रिया देखि निर्माण सम्पन्न हुने बेलासम्म सुरक्षित भवन बने/नबनेको एकीन गर्दै स्थानीय साधन श्रोतको परिचालन गरी सुरक्षित भवन निर्माणका लागि प्रोत्साहन गर्ने । यस अन्तर्गत निम्न गतिविधिहरु सञ्चालन हुनेछन्:

१) भवन निर्माण संहिताका बारेमा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

२) जोखिमयुक्त घरहरुको पहिचान गरी घर धनीलाई प्रबलिकरण वा पुननिर्माण मार्फत प्रतिरोधी भवन निर्माणका लागि सहजिकरण गर्ने ।

३) नगरपालिकाको नक्सा शाखालाई प्रविधिमैत्री बनाउँदै थप व्यवस्थित गर्ने ।

४) नक्सापास कार्यविधि अद्यावधिक गरी लागू गर्ने ।

५) नगरभित्रका अतिविपन्न घरधुरीको पहिचान गरी उनीहरुको निजी आवास लगायतका संरचनाको जोखिम हस्तान्तरणका लागि सहयोग गर्ने सम्बन्धमा बिनियम बनाई लागू गर्ने ।

६) नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना (सन् २०२० देखि २०३०) बमोजिम भवन निर्माण मापदण्ड अद्यावधिक गरी कार्यविधि बनाई कार्यान्वयन गर्ने/गराउने ।

## ख) सामाजिक विकास क्षेत्र:

### १) शिक्षा

शिक्षा प्रणालीमा पनि विपद् जोखिम न्यूनीकरणलाई मुलप्रवाहीकरण गर्ने । जसका कारण विभिन्न प्रकारका प्रकोप, त्यसले निम्त्याउने विपद् र रोकथामका विषयमा विद्यार्थी, घर परिवार हुँदै समुदायसम्म ज्ञान, सीपमा अभिवृद्धि हुँदै जान्छ । यस अन्तर्गत निम्न कार्यहरु गरिनेछन्:

१) विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषयलाई स्थानीय पाठ्यक्रममा समावेश गरी अध्ययन अध्यापन गर्ने, गराउने । आधारभूत तहको पाठ्यक्रम बनाइ कार्यान्वयन गर्ने र माध्यमिक तहदेखि उच्च तह सम्मको पाठ्यक्रममा समावेश गरी अध्यापन गराउन पहल गर्ने ।

२) विद्यालयका संरचनाहरु (विद्यालय भवन, शौचालय, खानेपानी, हात धुने स्थान, खेलमैदान, कक्षाकोठा, बसाई व्यवस्थापन) विपद् जोखिमको दृष्टिकोणबाट सुरक्षित बनाउने । योजना निर्माणका बेला विपद् जोखिम घटाउन आवश्यक सामग्री, जनशक्ति र रकम समेत समावेश गरेर डिजाइन गर्ने । संरचना निर्माणसँगै शिक्षक, अभिभावक, विद्यार्थीलाई सहभागी गराई सुरक्षित हुने सीप विकास गर्ने/गराउने ।

३) शिक्षकहरुको तालिमका क्रममा पनि विपद् जोखिम व्यवस्थापन सम्बन्धी विषयलाई प्राथमिकताका साथ समावेश गर्ने, तालिम सामग्री तथा पाठ्यपुस्तक निर्माण तथा कार्यान्वयन गर्ने ।

४) विद्यालयस्तरमा सुरक्षित खुल्ला स्थानको छनोट, सुरक्षित बहिर्गमन (जोखिम र सुरक्षासहितको) नक्सा देखिने ठाउँमा व्यवस्था गर्दै वर्षमा कम्तिमा दुई पटक कृत्रिम घटना अभ्यास प्रदर्शन गर्ने, गराउने ।

५) हरेक विद्यालयमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गर्ने र योजना बनाउने, समिति तथा कार्यदलको क्षमता विकाससँगै खोज उद्धार तथा प्राथमिक उपचारका न्यूनतम सामग्री व्यवस्थापन गर्ने । हरेक विद्यालयमा प्राथमिक उपचार कक्ष, विपद् व्यवस्थापन सम्पर्क व्यक्ति वा स्वास्थ्यकर्मी लगायतको प्रबन्ध गर्दै विद्यालयलाई सुरक्षित स्थलको रुपमा विकास गर्दै जाने ।

६) मैत्रीपूर्ण विद्यालय भवन निर्माणसँगै पर्याप्त सुरक्षित खानेपानी, लैङ्गिकमैत्री शौचालय, फोहोर र सेनिटरी प्याड जलाउने इन्सिनेरेटर (स्थान), हात धुने स्थान आदिको सुनिश्चितता गर्ने, गराउने ।

७) विद्यालय भवनहरुमा भएका संरचनागत त्रुटीहरु सुधार गर्ने । जस्तैः बाहिर खुल्ने ढोकाको सुनिश्चितता, जोखिमयुक्त संरचना, ठूला तथा जोखिमयुक्त रुख, विद्युतीय संरचना हटाउने, भऱ्याङ, सिँढी, बरण्डा, छत, भग्नावशेष आदिको व्यवस्थापन गर्ने, गराउने ।

८) सार्वजनिक तथा संस्थागत विद्यालय, तालिम प्रदायक संस्था, निजी वा संस्थागत रुपमा सञ्चालित ट्युशन सेन्टर, नृत्यशाला, भाषाकक्षा आदिमा समेत विपद् जोखिम न्यूनीकरणका उपाय अपनाउन लगाउने ।

९) विद्यालय आउँदा जाँदा बाटोमा हुन सक्ने जोखिम न्यूनीकरणका उपाय अपनाउने । जङ्गल, भीर, खोला, खोल्सा, अँध्यारो, सडक सवारी, जङ्गली जनावर, सामुदायिक कुकुर, बाँदर, बालबालिका माथि हुन सक्ने हिंसा ( मानसिक, शारीरिक र यौनजन्य) तथा दुर्व्यवहार आदिबाट सुरक्षित रहने उपाय अपनाउन उत्प्रेरित गर्ने ।

१०) विद्यालयमा नियमित सरसफाइ, फोहरमैला व्यवस्थापन, महामारी तथा सङ्क्रामक रोगबाट बच्ने उपाय अवलम्बन गर्ने, गराउने ।

११) विद्यालयमा अनिवार्य घेरबार गर्ने र विद्युत सर्ट, चट्याङ, हुरीबतास, धुलो, हिलो, दुर्गन्ध आदिबाट बच्ने उपाय अवलम्बन गर्ने गराउने ।

१२) सबै सार्वजनिक तथा संस्थागत विद्यालयमा बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०७५ कार्यान्वयन गर्ने, गराउने । (नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७५ फाल्गुन १३ गतेको निर्णयबाट स्वीकृत)

## २) स्वास्थ्य तथा पोषण

स्वास्थ्य क्षेत्रको पनि विपद् जोखिम न्यूनीकरण योजना निर्माण तथा कार्यान्वयन गर्दै अस्पताल वा स्वास्थ्य संस्थालाई विपद्का हिसाबले सुरक्षित राख्ने । यस अन्तर्गत निम्न कार्यहरु गरिनेछन्:

१) अस्पताल तथा स्वास्थ्य संस्थाको भवन सुरक्षित स्थानमा तोकिएको मापदण्ड अनुसार निर्माण गर्ने, गराउने ।

२) अस्पताल तथा स्वास्थ्य संस्थाको सेवा विपद्का समयमा निरन्तरता दिनका लागि आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयनका लागि स्थानीय तथा वडा स्तरको द्रुत प्रतिकार्य टोली (आर.आर.टि.) लाई परिचालन गर्ने ।

३) स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकालाई आपतकालीन सेवाप्रवाहका विषयमा आवश्यक तालिम, प्रशिक्षण प्रदान गर्नुका साथै स्वास्थ्य संस्थालाई साधन स्रोत सम्पन्न बनाउँदै लैजाने ।

४) महामारीजन्य रोगको रोकथाम तथा नियन्त्रणका लागि नगर भित्रका स्वास्थ्य संस्था तथा अस्पताललाई तयारी अवस्थामा राख्ने ।

५) सबै नागरिकलाई स्वास्थ्य बीमा गर्नका लागि प्रोत्साहन गर्ने ।

६) अस्पताल तथा स्वास्थ्य संस्थाजन्य फोहोरलाई उचित विसर्जनको व्यवस्था गर्ने ।

७) महामारीजन्य रोगको समयमा बालबालिका, गर्भवती एवं सुत्केरी महिला, दिर्घरोगी, जेष्ठनागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई जोखिमवाट बचाउनको निमित्त योजना बनाइ कार्य गर्ने ।

८) सडक दुर्घटना तथा अन्य दुर्घटनामा पर्दा तत्काल उद्दार गरी जीवन जोखिममा भएका नागरिकहरुको जोखिम कम गर्न स्वास्थ्य संस्थालाई तयारी अवस्थामा राख्ने ।

९) नगरपालिका भित्र सञ्चालित एम्बुलेन्स वा अन्य सरकारी यातायातका साधनलाई विपद् प्रतिकार्यमा समेत परिचालन गर्ने गरी तयारी अवस्थामा राख्ने ।

### ३) खानेपानी, सरसफाइ तथा स्वच्छता

खानेपानी तथा सरसफाइ सम्बन्धी संरचनालाई सुरक्षित बनाउनुका साथै नागरिकलाई सरसफाइ सम्बन्धी सुरक्षित व्यबहार अपनाउन प्रोत्साहन गर्ने । यस अन्तर्गत निम्न कार्यहरु गरिनेछन्:

१) खानेपानी तथा सरसफाइ योजना निर्माणका क्रममा अनिवार्य रुपमा पानीको गुणस्तर परीक्षण गर्ने गराउने । योजना बनिसकेपछि पनि आवधिक रुपमा गुणस्तर परीक्षण गर्दै जाने । पानी परीक्षणको क्रममा सिधै पिउन नमिल्ने पाइएमा शुद्धिकरणका उपाय अपनाई उपभोक्तालाई सुरक्षित पिउने पानी उपलब्ध गराउने ।

२) खानेपानी तथा सरसफाइ योजना अन्तर्गत बन्ने सबै संरचनाहरुलाई घेराबार लगायतको व्यवस्था गरी सुरक्षित बनाउने । संरचनाहरु (धारा, सार्वजनिक शौचालय तथा वाथरुम) सुरक्षित बनाउने ।

३) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका लागि योजना निर्माण अघि अनिवार्य रुपमा योजना निर्माण तथा लेखा व्यवस्थापन र निर्माण पश्चातको मर्मत सम्भार सम्बन्धी तालिम सञ्चालन गर्ने, गराउने ।

४) खानेपानी तथा सरसफाइ योजना निर्माणका क्रममैं मर्मत सम्भार कोष, मर्मत सम्भारकर्ता, मासिक शुल्क निर्धारण र कार्यान्वयन गर्ने, गराउने ।

५) नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) उत्थानशील योजना निर्माण गरी कार्यान्वयन गर्ने/गराउने ।

६) पिउने पानीको श्रोत संरक्षणका लागि मुहानको संरक्षण, पानी संकलन तथा पुनर्भरण पोखरी निर्माण गर्ने ।

७) विपद्ले क्षति पुर्‍याएको खानेपानी तथा सरसफाइ सम्बन्धी संरचनाको मर्मत सुधार तथा संरक्षणको कार्यलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने/गराउने ।

८) फोहोरलाई श्रोतमा नैं बर्गिकरण गरी कुहिने फोहोरबाट प्राङ्गारिक मल बनाउन प्रोत्साहन गर्ने । नुकहिने फोहोर संकलन गरी उपयुक्त विधिबाट व्यवस्थापन गर्ने/गराउने ।

९) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकास गरी परिचालन गर्ने/गराउने ।

**४) सामाजिक सुरक्षा**

१) विपद्का समयमा बढी जोखिममा पर्ने वर्ग/समुदाय जस्तैः महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अल्पसँख्यक, गर्भवती, सुत्केरी र एकल महिला तथा विपन्न नागरिकको सुरक्षाको प्रत्याभूती गर्ने । विपद् प्रतिकार्य र विपद् पश्चातको पुनर्लाभ तथा पुननिर्माणमा समेत सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई समाहित गरी सञ्चालन गर्ने गराउने ।

२) विकास निर्माणका आयोजनामा खटिएका सबै जनशक्तिको अनिवार्य दुर्घटना बीमा र सुरक्षात्मक उपायहरु अवलम्बलन गर्ने । आयोजनाको अनुगमन गर्दा सुरक्षात्मक उपायहरु अवलम्बन भए नभएको एकीन गर्ने ।

३) रोजगारीका अवसरलाई विपद्को उच्च जोखिममा रहेका र अति विपन्न परिवारमा केन्द्रित गरि समुदायमा नैं रोजगारी र आयआर्जन गर्ने श्रोतको सुनिश्चित गर्ने ।

४) विकास आयोजना कार्यान्वयन गर्दा सकेसम्म स्थानीय स्तरमा उपलब्ध जनशक्ति र स्रोत साधनको परिचालन गर्ने ।

५) संकट उन्मुख समुदायको जोखिम हस्तान्तरणमा हिस्सेदारी तथा जोखिम हस्तान्तरणका लागि कृषि, पशुपंक्षी तथा व्यापार व्यवसायमा बीमा गराउने कार्यलाई प्रोत्साहन गरी बीमामा सहज पहुँचको व्यवस्था मिलाउने । साथै बैंक तथा बित्तीय संस्थामार्फत विपद् प्रभावित समुदायलाई सहुलियत कर्जाको व्यवस्था गर्न पहल गर्ने ।

६) नगरबासीलाई सीपमुलक तालिम प्रदान गर्नूका साथै रोजगारीका अवसर श्रृजना गर्नका लागि आवश्यक सहजिकरण गर्ने ।

**ग) आर्थिक विकास क्षेत्रः**

**१) कृषि तथा खाद्य सुरक्षा**

विपद् उत्थानशील समुदाय निर्माणका लागि प्रभाव पार्ने तत्वहरुको सहि व्यवस्थापनको माध्यमबाट नगरभित्र खाद्य सुरक्षाको प्रत्याभुती गर्ने । यस अन्तर्गत निम्न कार्यहरु गरिनेछन्:

१) प्राङ्गारिक खेति पद्धती र स्थानीय जातका बालीलाई प्रवर्द्धन गर्ने, गराउने ।

२) कृषिजन्य बालीहरुको बीमाका लागि समुदायलाई सहजिकरण गर्दै जोखिम हस्तान्तरणका लागि बीमा कम्पनी र किसानका बीचमा सहजिकरण गर्ने ।

३) किसानलाई आइपर्ने कृषि सम्बन्धी समस्या स्थलगत रुपमैं समाधान गर्ने ।

४) सिंचाई कुलोको निर्माण तथा मर्मत गरी गराई कृषिजन्य उत्पादनमा बृद्धि गर्दै रोजगारीको अवसर श्रृजना तथा खाद्य संकट कम गराउने ।

५) खेतीयोग्य जमिनमा निजी आवास लगायतका कुनै पनि संरचना निर्माणका लागि निरुत्साहित गर्ने । सडक लगायतका संरचना निर्माण गर्दा खेतीयोग्य जमिनको कम भन्दा कम प्रयोग गर्ने ।

६) मानव र वन्यजन्तु बीचको द्वन्द्व कम गराउने विकल्पको खोजी तथा कार्यान्वयन गर्ने ।

७) जलवायु मैत्री कृषि ९ऋष्ष्बितभ कबचत बनचष्अगतिगचभ० प्रवर्द्धन गर्ने । कृषि विकास रणनीतिले व्यवस्था गरे अनुसार किसान कल्याणकारी कोषको स्थापना गर्ने ।

८) कृषकलाई मौसम अनुसार सिफारिस गरिएका बीउ बीजन, रोगकिरा आदिको नियन्त्रण र रोकथाम गर्न सिफारिस गरिएका जैविक विषादी तथा जैविक सुरक्षा विधिको सरल र सहज ढंगबाट समयमा नैं व्यवस्था गर्ने ।

९) बीउ बीजन तथा जैविक बानस्पतिक विषादी र मलखाद सहजै उपलब्ध गराउन स्थानीय कृषि सहकारी र एग्रोभेटलाई प्रोत्साहन गर्ने/गराउने ।

१०) रासायनिक र अनावश्यक रोग/किटनाशक विषादी प्रयोगमा निरुत्साहित गरी जैविक विविधता र कृषि, वन वातावरण संरक्षण गर्ने ।

११) विषादी बिक्रेता र प्रयोगकर्ता किसानका बीचमा समय समयमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

१२) जमिनको भुगोल अनुसारको बाली प्रणाली अपनाउन किसानलाई प्रोत्साहन गर्ने । जस्तैः भिरोलो जमीनमा फलफूल, डालेघाँसको विरुवा) ।

१३) जमिन तथा वतावरणमा प्रतिकुल असर पुऱ्याउने कृषि औजार उपकरणको प्रयोगलाई निरत्साहित गर्ने ।

१४) कृषि उत्पादनलाई वृद्धि गर्न सघन र मिश्रीत खेती प्रणालीलाई प्रोत्साहन गर्ने ।

१५) उपभोक्तालाई स्थानीय उत्पादन उपभोगमा प्रोत्साहन गर्ने । स्थानीय कृषि उपजको मुल्य निर्धारणमा सहजिकरण गर्ने । स्थानीय उत्पादनको बजारिकरणको उचित प्रबन्ध मिलाउने ।

१६) स्थानीय बजारमा खपत भई जगेडा रहन गएका कृषि उपजको भण्डारणको व्यवस्था गर्ने । तरकारी, फलफूल, माछा मासुको लागि शितभण्डारको निर्माण तथा व्यवस्थापन गर्ने ।

१७) अखाद्य बस्तुको मिसावटबाट मानव स्वास्थ्यमा उत्पन्न हुने जोखिम न्यूनीकरणका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्दै खाद्यान्नको गुणस्तर परीक्षणका लागि पहल गर्ने/गराउने ।

**२) पशु सेवाः**

१) पशुपन्छी पालन व्यवसाय तथा फर्म सञ्चालन गर्दा भू-क्षयको उच्च जोखिम भएको क्षेत्रमा सञ्चालनमा प्रतिवन्ध लगाउने ।

२) पशुपन्छीहरुको महामारी जन्य रोगहरुको जोखिम न्यूनीकरण गर्नको लागी नगरपालिका भित्रका पशुपन्छीमा साझेदारी अवधारणा अनुसार बीमा कार्यक्रम लागु गर्ने गराउने ।

३) महामारी जन्य रोगहरु (खोरेत, रेविज, बर्ड फ्लु आदि) बाट पशुपन्छीमा हुन सक्ने क्षति न्यूनीकरण तथा राहत वितरणका लागि आपतकालिन कोषको स्थापना गर्ने । यस्ता किसिमका रोगहरु देखापरेमा तत्काल खोप कार्यक्रम तथा पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने ।

४) पशुपन्छी पालन व्याबसायमा आई पर्ने विपद् जोखिम न्यूनीकरण गर्न कुनै महामारीजन्य रोगहरुको शंका लागेमा पशुपन्छी, पशुपन्छीजन्य उत्पादनहरु बाहिरबाट नगरपालिका भित्र प्रवेशमा रोक लगाउने ।

५) बिक्री वितरण गरिने पशुपन्छीको मासुजन्य पदार्थको गुणस्तरका लागि आधुनिक पशु वधशालाको निर्माण, सुदृढिकरण र विस्तार गर्ने ।

६) पशुपन्छी विकास गर्न नश्ल सुधार सम्वन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन, सरल र आधुनिक ज्ञान, सीप र प्रविधि विकास तथा बिस्तार गर्ने ।

७) पशुपालन सम्बन्धी तालिमका क्रममा विपद् जोखिम न्यूनीकरण र जोखिम हस्तान्तरणको विषयलाई प्राथमिकतामा राखेर तालिम सञ्चालन गर्ने ।

८) सामुदायिक (भुस्याहा) कुकुरहरुको उचित व्यवस्थापन र कुकुरबाट सर्ने महामारीको रोकथाम/नियन्त्रण गर्ने ।

**घ) सुशासन तथा संस्थागत विकास क्षेत्रः**

**१) सुशासनः**

कानूनी शासन, पारदर्शीता, जवाफदेहिता, उत्तरदायित्व, सहभागिता र दिगो विकास मार्फत सुशासन प्रवर्द्धन गर्दै विकास योजनामा विपद् जोखिम न्यूनीकरणलाई मुलप्रवाहीकरण गर्ने । यस अन्तर्गत निम्न कार्यहरु गरिनेछन्:

१) भूकम्प लगायतका विपद्बाट क्षति भएका संरचनाको पुननिर्माणका कार्यहरुलाई प्राथमिकतामा राखेर कार्यक्रम गर्ने ।

२) नगरकार्यपालिकामा रहेका विषयगत समिति संयोजकहरु, शाखा प्रमुख एवं कर्मचारीहरुका लागि विकास योजनामा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहीकरण गर्दै कार्यान्वयनमा लैजानका लागि क्षमता विकास तालिम तथा अभिमुखिकरण सञ्चालन गर्ने ।

३) नगरभित्रका सरोकारवालाहरुको क्षमता विकास तथा सहकार्यको माध्यमबाट विकास योजना, नीति योजना, ऐन कानूनको निर्माण तथा कार्यान्वयन गर्ने ।

४) विपद् व्यवस्थापन सम्बन्धीको ज्ञान, सीप, श्रोत तथा प्रविधिको आदान प्रदान गर्दै विपद् जोखिम न्यूनीकरणमा योगदान गर्नका लागि साझेदार तथा दातृ निकायसँग समन्वय र सहकार्य गर्ने ।

५) विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय ज्ञान, सीप, प्रविधि र अभ्यासहरुलाई प्रवर्द्धन गर्ने ।

६) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विभिन्न योजनाहरुको आवधिक प्रगति समीक्षा तथा लेखाजोखा गर्न पद्धति विकास गर्ने, सुदृढ बनाउने एवं प्रगति समीक्षाको विषयमा जनप्रतिनिधी, प्रभावित समुदाय, साझेदार संघ/संस्था लगायतसँगको नियमित छलफल तथा बहसलाई प्रोत्साहन गर्ने ।

७) विपद् जोखिम व्यवस्थापनको गुणस्तर विकासका लागि कदर, पुरस्कार आदिको व्यवस्था गर्न निजी क्षेत्र, नागरिक समाज, व्यावसायिक संस्थाहरू, वैज्ञानिक तथा प्राज्ञिक संस्था लगायतसँग सहकार्य गर्ने ।

८) सम्बद्ध सूचनाहरुको अद्यावधिक गरी नियमित रुपमा सम्प्रेशण गर्ने ।

### २) संस्थागत विकास

१) विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा विशेष योगदान पुऱ्याउने जनशक्तिलाई पुरस्कृत गर्ने प्रणाली विकास गर्ने ।

२) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्थानीय स्तरमा नागरीक समाज, समुदाय, राजनीतिक दल तथा भातृ संगठनहरु, आदिवासी र आप्रवासीसँग सहकार्य र समन्वय गर्न स्थानीय अधिकारीहरूलाई सशक्त बनाउने ।

३) विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा कार्यरत जनशक्ति एवं सरोकारवालाको क्षमता विकासका कार्यक्रमहरु गर्ने गराउने ।

४) वडा स्तरमा सरोकारवाला बीच विकास योजनामा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहीकरण सम्बन्धी नीतिगत व्यवस्था तथा महत्व बारे अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

### ङ) वन, वतावरण तथा विपद् व्यवस्थापनः

१) नगरभित्रका सामुदायिक वनलाई (अग्नि रेखा निर्माण, दिगो वन व्यवस्थापन कार्यक्रम सञ्चालन) व्यवस्थित गर्ने, आवश्यक नियमन गर्ने, सामुदायिक वन उपभोक्ता समितिहरू र वन सम्बन्धी संघ/संस्थासँगको सहकार्यमा वन पैदावारमा आधारित व्यावसायिक खेति तथा उद्यम सञ्चालन गरी आयआर्जन बढाउन प्रोत्साहन गर्ने गराउने ।

२) पानी संकलन तथा पुनर्भरण पोखरी निर्माण गर्ने कार्यलाई निरन्तरता दिने ।

३) जलवायु परिवर्तनको असरहरूलाई न्यूनीकरण पारिस्थितिकीय प्रणालीहरू संरक्षण गर्दै जीविकोपार्जन सुधार गर्ने कार्यक्रम सञ्चालन गर्ने गराउने ।

**च) अन्य (निजी क्षेत्र, सञ्चार माध्यम .......)**

१) सार्वजनिक-निजी-साझेदारीको माध्यमबाट विपद् जोखिम व्यवस्थापनका कार्यमा निजी क्षेत्रको संलग्नतालाई वृद्धि गर्ने । विपद् पूर्वतयारी, जोखिम नक्साङ्कन तथा पूर्व सूचना प्रणाली स्थापना लगायतका कृयाकलापमा आर्थिक साझेदारीका लागि प्रोत्साहन गर्ने ।

२) समुदाय स्तरको विपद् जोखिम न्यूनीकरणमा सामुदायमा आधारित संघ/संस्था तथा सहकारी संस्थाहरुको लगानीलाई प्रोत्साहन गर्ने ।

३) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित कार्यहरुको प्रभावकारी कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहमा सार्वजनिक, निजी, गैर सरकारी संस्था, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दलहरु तथा सरोकारवालाहरु बीच समन्वय र सहकार्य गर्ने ।

४) आम सञ्चार र आधुनिक सूचना प्रविधि (मुद्रण, रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, एसएमएस, मोवाइल फोन) लाई विपद् जोखिम सचेतना अभिवृद्धि र पूर्वसूचना प्रणालीसँग व्यवस्थित रूपले जोड्न संस्थागत, नीतिगत र कार्यक्रमिक साझेदारीको विकास गर्ने ।

**कार्ययोजनाः**

| क्र. सं. | कृयाकलाप | सूचकहरु | जिम्मेवार शाखा वा व्यक्ति | समयावधि | अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | शहरी विकास तथा भवन निर्माण मापदण्ड अद्याबधिक गरी कार्यविधि निर्माण गर्ने | भवन निर्माण संहिता कार्यान्वयनलाई थप प्रभावकारी बनाउन शहरी विकास तथा भवन निर्माण मापदण्ड अद्याबधिक गरी कार्यविधि निर्माण भएको हुनेछ । | योजना तथा प्राविधिक शाखा | २०७७ चैत मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |
| २. | मर्मत सम्भार सम्बन्धी कानून निर्माण | सार्वजनिक संरचनाको मर्मत सम्भार कार्यलाई व्यवस्थित बनाउन मर्मत सम्भार सम्बन्धी कानून निर्माण भएको हुनेछ । | योजना तथा प्राविधिक र सामाजिक विकास शाखा | २०७८ असार मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |
| ३. | जोखिम सुरक्षित पूर्वाधार नीति निर्माण | पूर्वाधार निर्माणका क्रममा गैर संरचनागत जोखिम न्यूनीकरणका कार्यमा सहजिकरण गर्न जोखिम सुरक्षित | योजना तथा प्राविधिक र सामाजिक विकास शाखा | २०७७ चैत्र मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पूर्वाधार नीति निर्माण भएको हुनेछ । | | | | |
| ४. | नगर यातायात गुरुयोजना निर्माण | नगरपालिका स्तरीय यातायात गुरुयोजना निर्माण भएको हुनेछ । | योजना तथा प्राविधिक र सामाजिक शाखा | २०७७ चैत्र मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |
| ५. | सडक सुरक्षा सम्बन्धी मापदण्ड | सडक सुरक्षा सम्बन्धीको मापदण्ड निर्माण भएको हुनेछ । | योजना तथा प्राविधिक शाखा | २०७८ असार मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |
| ६. | जोखिम संवेदनशील भू-उपयोग योजना निर्माण | वहु प्रकोपीय जोखिम लेखाजोखाको आधारमा जोखिम संवेदनशील भू-उपयोग योजना निर्माण भएको हुनेछ । | योजना तथा प्राविधिक, आर्थिक, सामाजिक शाखा | २०७८ चैत्र मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |
| ७. | जोखिम हस्तान्तरण सम्बन्धी बिनियम निर्माण | निजी आवास लगायतका संरचनाको जोखिम हस्तान्तरणका लागि सहयोग गर्ने सम्बन्धमा बिनियम निर्माण भएको हुनेछ । | सामाजिक र योजना तथा प्राविधिक शाखा | २०७७ चैत्र मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |
| ८. | व्यबसाय सम्बन्धी जोखिम सुरक्षा मापदण्ड | व्यबसायसँग सम्बन्धित जोखिम सुरक्षा सम्बन्धी मापदण्ड निर्माण भएको हुनेछ । | सामाजिक, योजना तथा प्राविधिक र आर्थिक शाखा | २०७७ चैत्र मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |
| ९. | बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५ लागु गर्ने | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७५ फाल्गुन १३ गतेको निर्णयबाट स्वीकृत कार्यविधि कार्यान्वयन गर्ने । | शिक्षा र सामाजिक शाखा | २०७७ मंसिर मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |
| १०. | शिक्षा ऐन अद्यावधिक गर्ने | वर्तमान शिक्षा ऐनमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषय समावेश भएको हुनेछ । | शिक्षा शाखा | २०७७ माघ मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. | स्वास्थ्य ऐन अद्यावधिक गर्ने | वर्तमान स्वास्थ्य ऐनमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषय समावेश भएको हुनेछ । | स्वास्थ्य शाखा | २०७७ माघ मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |
| १२. | खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) उत्थानशील योजना | नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) उत्थानशील योजना निर्माण भएको हुनेछ । | सामाजिक र योजना तथा प्राविधिक शाखा | २०७७ चैत्र मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |
| १३. | कृषि तथा पशुपन्छी ऐन अद्यावधिक गर्ने | वर्तमान कृषि तथा पशुपन्छी ऐनमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषय समावेश भएको हुनेछ । | कृषि तथा पशुसेवा शाखा | २०७७ माघ मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |
| १४. | वन तथा वातावरण सम्बन्धी ऐन निर्माण गर्ने | नगरपालिकाको वन तथा वातावरण ऐन निर्माण भएको हुनेछ । | वन, वातवरण तथा विपद् व्यवस्थापन शाखा | २०७७ माघ मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |
| १५. | सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन अद्यावधिक गर्ने | वर्तमान सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन अद्यावधिक भएको हुनेछ । | योजना तथा प्राविधिक शाखा | २०७७ माघ मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |
| १६. | अति विपन्न घरधुरीको पहिचान गर्ने | अति विपन्न घरधुरीको पहिचानका लागि कार्यविधि निर्माण भएको हुनेछ ।<br>कार्यविधिका आधारमा अति विपन्न घरधुरीको पहिचान भएको हुनेछ । | सामाजिक तथा सूचना प्रविधि शाखा | २०७७ पुस मसान्त | प्रमुख प्रशासकीय अधिकृत | |
| १६. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली निर्माण | नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन कार्यान्वयनमा सहजिकरण गर्ने गरी | वन, वातावरण तथा विपद् व्यवस्थापन समिति | २०७८ असार मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नियमावली निर्माण भएको हुनेछ । | | | | |

**समीक्षा, अनुमगन तथा मुल्याङ्कनः**

**१) समीक्षाः**

यस मार्गदर्शन अनुरुपका काम र प्रगतिका विषयमा मार्गदर्शन लागू भएको मितिले ६ महिनाभित्र मद्यावधी समीक्षा गर्ने । उक्त समीक्षामा विषयगत शाखा प्रमुख एवं समितिका संयोजकले संयुक्त रुपमा प्रगति प्रतिवेदन पेश गर्ने, मार्गदर्शनको कार्यान्वयन र चुनौती लगायतका विषयमा विषयगत समिति र शाखागत रुपमा चौमासिक र नगरकार्यपालिका स्तरमा वार्षिक समीक्षा गर्ने ।

**२) अनुमगन तथा मुल्याङ्कनः**

नगरभित्रका विकास योजनाहरु, कार्यान्वयनको अवस्था, ती योजना आयोजनाले निम्त्याएको विपद् जोखिम र न्यूनीकरणको लागि गरिएका कामको उपलब्धी लगायतको अनुमगन मुल्याङ्कनको जिम्मेवारी विषयगत समितिका संयोजक तथा प्रमुख एवं सम्बन्धित कर्मचारीको हुनेछ ।

क्षेत्रगत तथा विकास योजनामा विपद् न्यूनीकरण मुलप्रवाहीकरण भए/नभएको एकीन गरी चौमासिक रुपमा नगरकार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नेछ ।

**वित्तीय व्यवस्थापनः**

नगरपालिकाले सञ्चालन गर्ने क्षेत्रगत तथा विकास आयोजना तथा कृयाकलापका लागि बजेट बिनियोजन गर्दाकै समयमा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहीकरण गर्दै बजेट बिनियोजन गर्ने । बिगतका योजना तथा कृयाकलापका कारण उत्पन्न भएका वा हुनसक्ने प्रकोप वा विपद् रोकथामका लागि भने आवश्यकता अनुसार बजेट बिनियोजन गर्दै कार्यान्वयन गर्ने ।

**वार्षिक प्रतिवेदनः**

हरेक योजनाको कार्यसम्पन्न प्रतिवेदनका समयमा शाखागत रुपमा त्यस योजनाले विपद् जोखिम न्यूनीकरणमा पारेको प्रभाव र गरेका काम सम्बन्धिको पहिचान, टिपोट र अभिलेखन गर्नु पर्ने । शाखाबाट प्राप्त भएका विवरणहरुलाई समष्टिगत (कम्पायल) गरी विपद् व्यवस्थापन सम्पर्क व्यक्तिले वार्षिक प्रतिवेदन नगरकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**पुनरावलोकन र अद्यावधिकः**

यस मार्गदर्शनलाई समय सापेक्ष पुनरावलोकन गरी परिमार्जन वा संशोधन वा अद्यावधिक गरी कार्यान्वयन गर्दै लैजाने ।